मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १२३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ जेठ ५ गते मंगलबार ❑ 19 May 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## अमरसिंह माविको जग्गाका व्यवसायीले आफैँ टहरा भत्काउन थाले

**पोखरापत्र संवाददाता**
पोखरा, ४ जेठ



पोखराको अमरसिंह चोकस्थित अमरसिंह नमुना माध्यमिक विद्यालयको जग्गामा ५१ जना व्यवसायीले संचालन गर्दै आएका व्यवसायीक स्टल सहितका टहराहरू आफैँ भत्काउन थालेका छन् ।

विद्यालयले नयाँ व्यावसायिक भवन निर्माण गर्ने निर्णय गरेसँगै पुराना टहराहरू हटाउन सूचना जारी गरेको थियो तर व्यवसायीहरुलाई अब बन्ने नयाँ भवनमा सटरहरु पहिलाकै व्यवसायीहरुले चाहेको खण्डमा दिने आश्वासन पाएसंगै व्यवसायीहरुले मार्ग प्रसस्त गर्न सटरका सामानहरु आफै हटाउन थालेका हुन् ।

विगत ३४ बर्षदेखि एक सटर भाडामा लियर मिठाई पसल संचालन गर्नु भएको गोपा गुप्ताले बिद्यालयले अब बन्ने नयाँ भवनमा आफुहरुले पुनः पसल संचालन गर्न पाउने आशमा हाल सामानहरु सारेर बुद्धचोक पसल सारेको बताउनु भयो । विन्दावासिनी स्विट हाउस विगत २०४९ सालदेखि संचालन गर्दै पछिल्लो समयमा मासिक ८ हजार भाडा तिर्नु भएको गुप्ताले उक्त क्षेत्रमा करिब १० लाख लगानीमा अस्थायी संरचना बनाएको बताउनु भयो । विद्यालयसँग भएको सहमतिअनुसार नयाँ व्यावसायिक भवन निर्माणपछि पुराना व्यवसायीलाई प्राथमिकता दिइने भएकाले हामीले टहराहरू आफैं भत्काउन थालेका हौँ" उहाँले भन्नुभयो । अमरसिंह माविले सन् २०३६ देखि उक्त जग्गा भाडामा दिँदै आएको छ । २०३ रोपनी क्षेत्रफलमा फैलिएको जग्गा मध्य करिब ६ रोपनी जग्गाबाट विद्यालयले मासिक करिब २ लाख ३८ हजार रुपैयाँ आम्दानी गर्दै आएको प्रधानाध्यापक बलराम पोखरेलले बताउनु भयो । उहाँले भन्नुभयो "विद्यलायमा धेरै शिक्षकहरू आन्तरिक स्रोतबाट राखिएका छन, उहाँहरुलाई तलब जग्गाबाट उठेको रकमबाट दिइन्थ्यो । अब महानगरबाट शिक्षक तलब सुनिश्चित भएपछि टहरा हटाउने तयारी भइरहेको हो ।" अहिले विद्यालयमा करिब ३ हजार विद्यार्थी अध्ययनरत छन् । सरकारी दरबन्दी अनुसार ३५ शिक्षक तथा कर्मचारी रहेका भए पनि आंशिक र पूर्णकालीन गरी करिब १३१ शिक्षक तथा कर्मचारीहरू यहाँ कार्यरत रहेको पोखरेलले बताउनु भयो । विद्यार्थी संख्याका आधारमा थप शिक्षक माग भए पनि सरकारले उपलब्ध गराउन नसकेको प्र.अ.पोखरेलले गुनासो गर्नुभयो । पोखरा महानगरका मेयर धनराज आचार्यले बिद्यालयले उक्त टहरा हटाउने अभियानमा सहयोग गरेको बिद्यालयले जनाएको छ । बिद्यालयले उक्त जग्गामा के बनाउने भन्ने बिषय हाल कुनै निर्णय नलिएको यदि कुनै व्यापारिक सटर सहितको भवन बनाएको खण्डमा हाल बसेका व्यवसयीहरुलाई पहिलो प्रथामिकता दिने अन्यथा यस बिषयमा बिद्यालयले कुनै निर्णय नलिएको एक सुत्रिय माग भनेकै सटर तथा टहरा हटाउने हो हालसम्म अधिकांश स्वत स्फुर्त सौहार्द पूर्ण ढंगले हटाएकोमा बिद्यालयले उहाँहरुलाई धन्यवाद दिएको छ । प्रधानाध्यापक पोखरेलले भन्नुभयो, "हाम्रो लक्ष्य विद्यालयको सान्दर्यता वृद्धि गर्नु र आम्दानीलाई विद्यालयको विकासमा प्रयोग गर्नु हो, हाम्रो मासिक खर्च कर्मचारी तलक सहित गर्दा एक करोड हुन्छ । "

## भण्डारीको पार्टी सदस्यता नवीकरण गर्ने

**रासस**
काठमाडौं, ४ जेठ

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओली निवास गुण्डुमा सोमबार सम्पन्न एमाले सचिवालय बैठकले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई पार्टीको सदस्यता दिने निर्णय गरेको छ ।

पार्टीका उपमहासचिव लेखराज भट्टले सोमबार बसेको सचिवालय बैठकले भण्डारीलाई पार्टीको सदस्यता दिने निर्णय गरेको जानकारी दिनुभयो । यसैगरी बैठकमा सरकारको कामको समीक्षा, पार्टी सदस्यता नवीकरण र विस्तार, पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजनका बारेमा छलफल भएको थियो । पार्टी अध्यक्ष ओलीले सम्बोधन गर्नुभएको सचिवालय बैठकमा पदाधिकारीहरुको वरियता क्रम, संविधान संशोधनका विषय, पार्टी कार्यालय भवन निर्माणलगायतका प्रस्ताव पेस गरिएको थियो । बैठकमा विभिन्न ११ वटा प्रस्ताव पेसको जानकारी दिँदै नेता भट्टले अर्को बैठक यही जेठ ८ गते शुक्रबार बस्ने बताउनुभयो ।

## विधि र प्रक्रियाबमोजिम आएका रिट दर्ता गर्नु: कामु प्रधानन्यायाधीश मल्ल

**रासस**
काठमाडौं, ४ जेठ

सर्वोच्च अदालतका कायममुकायम प्रधान न्यायाधीश सपना प्रधान मल्लले विधि र प्रक्रियबमोजिम दर्ता हुन आएका रिट निवेदन दर्ता गर्न आदेश दिनुभएको छ ।

कामु प्रधानन्यायाधीश मल्लले गत वैशाख २३ र २५ गतेलगायतका मितिमा दर्ता हुन आएका रिट निवेदनहरू दर्ता गर्न सोमबार आदेश दिनुभएको हो । कानुन व्यवसायीहरूले दर्ता गर्न ल्याएको रिट निवेदन दरपीठ गरेको र दरपीठविरुद्ध रिट दर्ता गर्न खोज्दा पनि अदालत प्रशासन नगरेको कानुन व्यवसायीको गुनासोपछि उहाँले उक्त आदेश दिनुभएको हो । साथै दर्ता भएका सबै रिट निवेदन जेठ ५ गतेका लागि पेसी चढाउनसमेत उहाँले आदेश दिनुभएको छ ।

"कानुनले तोकेको विधि र प्रक्रियाबमोजिम अदालतमा दर्ता हुन आएका निवेदनलाई रोक्नु न्याय प्राप्तिको बाटोको अवरोध र अदालतका जनआस्थामाथिको अविश्वास बढाउने व्यवहार एवं प्रयास हुने देखिन्छ", आदेशमा भनिएको छ, "यस्तो अवस्थामा नेपालको संविधानको धारा १३६, न्याय प्रशासन ऐन, २०७३ को दफा ३५ र सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७ बमोजिम प्रधान न्यायाधीशको हैसियतले आवश्यक निर्देशन एवं आदेश गर्नुपर्ने आवस्थाको विद्यमानता देखियो ।"

सर्वोच्च अदालत नियमावलीको नियम ८ को उपनियम (१) को खण्ड (७) बमोजिम अदालतमा दर्ता हुन आएको लिखत दर्ता गर्न वा दर्ता गर्न नमिल्ने देखिएको लिखत दरपिठ गर्ने अधिकार मुख्य रजिष्ट्रारलाई प्राप्त हुने गरेको छ ।

कामु प्रधानन्यायाधीश मल्लले दिनुभएको आदेशमा नेपालको संविधानको धारा १३६ ले न्याय प्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी प्रधानन्यायाधीशलाई दिएको उल्लेख गर्दै विशेष अवस्था र परिस्थितिमा अदालतको न्याय प्रशासन सञ्चालनमा देखिएको अवरोधलाई सम्बोधन गर्न नेपालको संविधानको धारा १३६ न्याय प्रशासन ऐन, २०७३ को दफा ३५, सर्वोच्च अदालन नियमावली, २०७४ को नियम ७ र ८ को प्रयोग गर्न अत्यावश्यक हुन आएको उल्लेख छ ।

## कांग्रेस नीति प्रतिष्ठानद्वारा बाह्र उपसमिति गठन

**रासस**
काठमाडौं, ४ जेठ

नेपाली कांग्रेसको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले पार्टीको नीतिगत सुधार र सामाजिक मुद्दामा काम गर्न १२ उपसमिति गठन गरेको छ ।

पार्टी उपसभापति एवम् प्रतिष्ठानका प्रमुख विश्वप्रकाश शर्माले पार्टीको नीतिगत सुधार र सामाजिक मुद्दामा काम गर्न सोमबार १२ उपसमिति गठन गर्नुभएको हो ।

उहाँले भूमि व्यवस्था विशेष अभियान उपसमितिमा डा गोपाल दहित (सुकुमवासी र अव्यवस्थित बसोबासीको दीर्घकालीन समाधानका लागि), विपद् व्यवस्थापन उपसमितिमा मानबहादुर थापा (पूर्वतयारी, उद्धार र पुनर्स्थापनाका लागि), मानसिक स्वास्थ्य सचेतना उपसमितिमा मोहना अन्सारीलाई जिम्मेवारी दिनुभएको छ । यसैगरी, सूचना, प्रविधि तथा डिजिटल सुशासन उपसमितिमा ई. दीपेश विष्ट, निर्वाचन प्रणाली सुधार उपसमितिमा जनक चटौत, पूर्वाधार विकास अवधारणा उपसमितिमा ई. अमृत ज्ञवाली, उद्यमशीलता, नवप्रवर्तन र रोजगार उपसमितिमा खगेन्द्र आचार्य र शिक्षा र शिक्षालय नीति उपसमितिमा डा कृष्णप्रसाद पौडेललाई जिम्मेवारी दिइएको छ । यसैगरी, बिपी ज्ञान केन्द्र उपसमितिमा प्रकाश लामिछाने, जातीय विभेदविरुद्ध सचेतना उपसमितिमा एलिजा ढकाल, डिजिटल सचेतना तथा तथ्य जाँच उपसमितिमा प्रकृति भट्टराई र ग्रिन टेबल उपसमितिमा कञ्चन झालाई जिम्मेवारी दिइएको कांग्रेस केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले जानकारी दिनुभयो । उहाँले आन्तरिक आचारसंहिता निर्माणका लागि उपप्रमुख मधु आचार्यको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गर्नुभएको छ ।

## विजयपुर खोला किनारमा तरबुजाखेती, भनेजस्तै आम्दानी

**पोखरापत्र संवाददाता**
पोखरा, ४ जेठ



पोखरा महानगरपालिका-१३ बगरकोट कसेरीस्थित विजयपुर खोलाको किनारमा गत फागुनमा रोपिएका तरबुजाका लहरामा अहिले फल लागेको छ ।

लामो समयदेखि बाँझो रहेको यहाँको २५ रोपनी बलौटे जमिनमा पोखरा-२२ पुम्दीभुम्दीका ३२ वर्षीय सुन्दर बरालले व्यावसायिक तरबुजाखेती सुरु गर्नुभएको थियो ।

उहाँले फागुनमा सरस्वती जातका तीन हजार ५०० बिरुवा लगाउनुभएको थियो । अहिले औसतमा दैनिक २०० केजी तरबुजा बिक्री गरिरहनुभएको छ । उहाँका अनुसार प्रतिकेजी रु ६० का दरले दैनिक रु १२ हजारको कारोबार भइरहेको छ । बरालका अनुसार यस वर्ष रु १५ लाख बराबरको कारोबार गर्ने लक्ष्य छ । "तरबुजाको बजारका लागि चिन्ता लिनुपर्दैन, व्यवसायीहरू बारीमै लिन आइपुग्नुहुन्छ", उहाँले भन्नुभयो । उहाँका अनुसार पहिलो वर्ष परीक्षणका रुपमा दुई रोपनीमा लगाएको राम्रो उत्पादन भएपछि खेती विस्तार गरिएको हो । वर्षमा एक बाली धानखेती मात्र हुने र बाँकी समयमा बाँझै रहने खेतमा छोटो समयमा राम्रो आम्दानी लिन सकिने नगदे बाली तरबुजाखेती गरेको उहाँले बताउनुभयो । किसान भरतबहादुर पराजुलीले पनि सोही स्थानमा ११ रोपनी जग्गामा तरबुजाखेती गर्नुभएको छ । उहाँका अनुसार फागुन अन्तिम साता सारेका बेर्नाले अहिले उत्पादन दिन थालेका छन् । उहाँले भन्नुभयो, "यस वर्ष रु तीन लाखभन्दा बढी आम्दानी हुने विश्वास छ । बारीमा काक्रो, सिमीलगायतका तरकारी पनि उत्पादन भइरहेको छ ।" उहाँका अनुसार पोखरा महानगरपालिका कृषि महाशाखाले बीउ र 'मल्चिङ' प्लास्टिक ५० प्रतिशत अनुदानमा उपलब्ध गराएको छ । बिरुवा फष्टाउँदै गर्दा चैत १७ गते र फूल खेल्दै गर्दा गत वैशाख १० गते परेको असिनासहितको पानीले केही क्षति गरेको उल्लेख गर्दै किसान पराजुलीले भन्नुभयो, "अहिले बाँदरले खाने र मानिसले चोरी गरेर लैजाने समस्या पनि थपिएको छ ।" तरबुजाखेतीका लागि बलौटे माटो र बढी तापक्रमको आवश्यकता पर्ने उहाँको भनाइ छ । पोखरा महानगरपालिका-१३ का अध्यक्ष किरण बरालका अनुसार दुई वर्षअघि माटो परीक्षण गरी सुरु गरिएको तरबुजाखेतीमा यतिबेला युवा पनि आकर्षित भएका छन् ।

यस क्षेत्रमा अघिल्लो वर्ष रु एक करोड ५० लाखको तरबुजा उत्पादन भएको थियो भने यस वर्ष भने असिना र पानीको कारण क्षति पुगेकाले केही कमी आउने उहाँको भनाइ छ । यस क्षेत्रमा २५ जना किसान व्यावसायिकरुपमा तरबुजाखेतीमा सक्रिय हुनुहुन्छ ।

पोखरा महानगर, कृषि महाशाखा प्रमुख मनोहर कडरियाका अनुसार महाशाखाले कृषकलाई कृषिप्रति प्रेरित गर्नका लागि विभिन्न सहुलियत प्रदान गर्दै आएको छ । तरबुजाखेतीका लागि पनि बीउ, मल्चिङ प्लाष्टिक, असिना छेक्ने जाली र प्राङ्गारिक मलमा ५० प्रतिशत अनुदान प्रदान गर्दै आएको छ ।

यसैगरी तरबुजा र खरबुजाखेती गर्ने किसानलाई प्रोत्साहन गर्ने उद्देश्यले यही जेठ ५ गते पोखरा महानगरपालिका-१३ को वडा कार्यालय परिसरमा तरबुजा मेला आयोजना गर्न लागिएको छ । मेलामा किसानलाई सम्मान गरिने कृषि सञ्जाल पोखरा-१३ अध्यक्ष नरेन्द्रप्रसाद अधिकारीले जानकारी दिनुभयो ।मेलाको सम्पूर्ण तयारी पूरा भएको बताउँदै मेलामा विभिन्न प्रतियोगिता गरिने बताउनुभयो । गर्मी बढेसँगै पोखरा बजारमा पर्यटकीय चाप बढेको र तरबुजाको माग बढेको छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# दर्शन फाउण्डेशनद्वारा निःशुल्क आँखा परीक्षण शिविर

पोखरापत्र संवाददाता
पोखरा, ४ जेठ

दर्शन फाउण्डेशन, पोखराको आयोजनामा एक दिने निःशुल्क आँखा परीक्षण शिविर पर्वत जिल्लाको जलजला गाउँपालिका-३, मल्लाज माझफाँटस्थित मल्लाज स्वास्थ्य चौकीमा सम्पन्न भएको छ।



शिविरमा ४११ जनाको आँखा परीक्षण गरिएको थियो। जसमध्ये २१ जनामा मोतियाबिन्दुको समस्या देखिएको र उनीहरूलाई शल्यक्रियाका लागि हिमालय आँखा अस्पताल, पोखरा सिफारिस गरिएको आयोजकले जनाएको छ।

शिविरमा निःशुल्क चश्मा, औषधि वितरण तथा परामर्श सेवा प्रदान गरिएको थियो। शिविरमा ग्रामीण क्षेत्रका ज्येष्ठ नागरिक, महिला, दलित तथा आर्थिक अवस्था कमजोर भएका नागरिकहरूको उल्लेखनीय सहभागिता रहेको बताइएको छ। दर्शन फाउण्डेशनका अध्यक्ष पितम बहादुर सेनले सामाजिक सेवामार्फत समुदायमा स्वास्थ्य सचेतना अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको जानकारी दिए। आगामी दिनमा पनि यस्ता सामाजिक तथा स्वास्थ्यसम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइने उनले बताए।

त्यसैगरी, जलजला गाउँपालिकाका उपाध्यक्ष दिपक आचार्यले ग्रामीण क्षेत्रमा सञ्चालन गरिएका यस्ता स्वास्थ्य शिविरले स्थानीय नागरिकलाई प्रत्यक्ष लाभ पुगेको बताउँदै सामाजिक संघसंस्थाले स्वास्थ्य, शिक्षा तथा जनचेतनामूलक कार्यक्रमलाई प्राथमिकतामा राख्नुपर्ने धारणा व्यक्त गरे। उनले दर्शन फाउण्डेशन र सहयोगी संस्थाहरूले गरेको कार्य प्रशंसनीय रहेको उल्लेख गर्दै आगामी दिनमा गाउँपालिकाको तर्फबाट आवश्यक सहयोग रहने प्रतिबद्धता व्यक्त गरे। उक्त शिविरमा हिमालय आँखा अस्पताल, घारीपाटन पोखराले प्राविधिक सहयोग गरेको थियो भने जलजला गाउँपालिका वडा नं. ३ र मल्लाज स्वास्थ्य चौकीले सहयोग गरेको थियो।

कार्यक्रममा जलजला गाउँपालिका वडा नं. ३ का वडा अध्यक्ष एकिन्द्र खत्री, हिमालय आँखा अस्पतालका नेत्र अधिकृत दिनेश बानियाँ, मल्लाज स्वास्थ्य चौकीका प्रमुख पवित्रा रेग्मी, दर्शन फाउण्डेशनका सचिव मदन मल्ल तथा कार्यक्रम संयोजक याम बहादुर जिसीलगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो।

# पोखरामा बजाज चेतक ईभीको नयाँ एक्सपेरियन्स जोन सञ्चालनमा

पोखरापत्र संवाददाता
पोखरा, ४ जेठ

नेपालमा आफ्नो विस्तार यात्रालाई निरन्तरता दिँदै पोखराको नयाँबजारमा नयाँ "चेतक एक्सपेरियन्स जोन" सञ्चालनमा ल्याएको छ। राजधानी बाहिर प्रिमियम विद्युतीय दुईपाङ्ग्रे सवारीको अनुभव ग्राहकसम्म पुर्‍याउने उद्देश्यसहित उक्त शोरुम हालै औपचारिक रूपमा उद्घाटन गरिएको हो।

उद्घाटन समारोहमा गोल्छा ग्रुपका प्रातानाधहरू तथा नेपालका लाागि बजाज दुईपाङ्ग्रे सवारी साधनको आधिकारिक वितरक हंसराज हुलासचन्द एण्ड कम्पनी प्रा.लि.का व्यवस्थापन टोलीको उपस्थात रहेको थियो।

आधुनिक विद्युतीय सवारी प्रयोगकर्ताको बदलिँदो जीवनशैलीलाई ध्यानमा राखेर निर्माण गरिएको यस एक्सपेरियन्स जोनमा प्रविधिमैत्री सेवा, सहज ग्राहक अनुभव तथा ईभी-केन्द्रित सुविधाहरूलाई प्राथमिकता दिइएको छ। यहाँ ग्राहकहरूले चेतक ईभीका विभिन्न



मोडल अवलोकन गर्न, टेस्ट राइड लिन, खरिदसम्बन्धी परामर्श प्राप्त गर्न तथा बिक्रीपछिको सेवा एउटै स्थानबाट लिन सक्ने व्यवस्था गरिएको छ।

शोरुममा डिजिटल प्रोडक्ट डिस्प्ले, आधुनिक इन्टेरियर तथा इन्टरएक्टिभ टचपोइन्टहरू समावेश गरिएका छन। साथै, प्रशिक्षित ईभी विज्ञमार्फत विद्युतीय सवारी, चार्जिङ समाधान तथा स्मार्ट फिचरबारे विस्तृत जानकारी उपलब्ध गराइने बताइएको छ। चेतक पोखराका सञ्चालक अगोष मान बुद्धाचार्यले भने, "पोखरामा चेतक एक्सपेरियन्स जोनको सञ्चालनसँगै हामी नेपालमा प्रिमियम विद्युतीय सवारीको पहुँच अझ विस्तार गर्ने दिशामा अर्को महत्वपूर्ण कदम चालिरहेका छौं। चेतक ईभी परम्परा, नवप्रवर्तन र दौनक प्रयोगको सहजताको उत्कृष्ट संयोजन रहेको उहाँका यो नयाँ केन्द्रमार्फत ग्राहकहरूले त्यस अनुभवलाई अझ निजकबाट महसुस र्ग सक्ने विश्वास लिएका छौं।" क्लासिक डिजाइन, आधुनिक प्रविधि र स्मार्ट कनेक्टिभिटीको संयोजनका कारण बजाज चेतक नेपाली बजारमा भरपर्दो तथा आकर्षक इलेक्ट्रिक स्कुटरका रूपमा स्थापित हुँदै गएको कम्पनीले जनाएको छ।

# मध्यपहाडी लोकमार्ग हुँदै पोखराको पर्यटन प्रवर्द्धन

पोखरापत्र संवाददाता
पोखरा, ४ जेठ

"पोखरा जाऔं, प्रकृतिसँग रमाऔं" भन्ने नारासहित मध्यपहाडी लोकमार्ग केन्द्रित पर्यटन प्रवर्द्धन अभियानमा निस्किएको टोली सोमबार पोखरा फर्किएको छ।



पृथ्वी होटल व्यवसायी समिति पोखराको आयोजना तथा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश, पर्यटन तथा उद्योग मन्त्रालय र पोखरा महानगरपालिकाको सहकार्यमा जेठ १ गते सुरु भएको अभियान टोलीले बागलुङ, पूर्वी रुकुम, पश्चिम रुकुम र ढोरपाटन पुगेर आन्तरिक पर्यटकलाई पोखरा भ्रमणका लागि निम्तो दिएको हो। टोलीमा पृथ्वी होटल व्यवसायी समिति, समितिका पूर्वअध्यक्षहरु, सल्लाहकार, पत्रकार तथा कलाकार सहित २६ जना सहभागी थिए।

अभियान अन्तर्गत बागलुङ बजार र पुर्वी रुकुमको रुकुमकोट, पश्चिम रुकुमको मुसिकोटमा आयोजित अन्तरक्रिया कार्यक्रममा पर्यटन सहकार्य, गन्तव्य प्रवर्द्धन, सेवा गुणस्तर सुधार तथा दिगो पर्यटन विकासको विषयमा छलफल भएको थियो। बागलुङमा आयोजित कार्यक्रममा बागलुङ नगरपालिकाका उपमेयर राजु खड्का, नेपाल राष्ट्रिय उद्योग व्यापार संगठन बागलुङका अध्यक्ष मुकेशचन्द्र राजभण्डारी, बागलुङ उद्योग वाणिज्य संघका उपाध्यक्ष नवीन श्रेष्ठलगायतले पोखरा र बागलुङबीच पर्यटन सहकार्य विस्तार गर्नुपर्नेमा जोड दिएका थिए। पश्चिम रुकुममा जिल्ला समन्वय समिति उपप्रमुख दीपेन्द्र विकले पोखराको पर्यटन विकासबाट रुकुमले सिक्नुपर्ने धेरै विषय रहेको बताए। मध्यपहाडी लोकमार्ग निर्माणपछि दुई क्षेत्रबीचको सम्बन्ध थप बलियो बनेको उल्लेख गर्दै उनले पर्यटन आदानप्रदान बढाउन आवश्यक रहेको धारणा राखे।

मुसिकोट नगरपालिका-१० का अध्यक्ष बसन्त खड्काले रुकुममा पर्याप्त पर्यटन सम्भावना भए पनि अपेक्षित प्रवर्द्धन हुन नसकेको बताए। उनले ढोरपाटन शिकार आरक्षदेखि प्राकृतिक तथा ऐतिहासिक स्थलसम्मका सम्भावनालाई जोड्दै निजी क्षेत्र र राज्य दुवैले पर्यटन विकासमा ध्यान दिनुपर्ने बताए। पश्चिम रुकुम उद्योग वाणिज्य संघका अध्यक्ष पहलबहादुर खड्काले पोखरालाई प्रकृतिको अनुपम उपहारको संज्ञा दिँदै पोखरा र रुकुमबीच पर्यटक आदानप्रदानका लागि सहकार्य आवश्यक रहेको बताए।

पृथ्वी होटल व्यवसायी समिति कास्कीका अध्यक्ष मोतीप्रसाद श्रेष्ठले मध्यपहाडी लोकमार्ग आसपासका जिल्लासँग पर्यटन सहकार्य विस्तार गर्न अभियान सञ्चालन गरिएको बताए।

पर्यटन प्रवर्द्धनमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहने उल्लेख गर्दै उनले पोखरा र मध्यपहाडी क्षेत्रबीचको पर्यटन आदानप्रदानबाट दुवै क्षेत्र लाभान्वित हुने विश्वास व्यक्त गरे।

कार्यक्रममा सहभागीहरूले पोखराको ताल, हिमाल, प्राकृतिक सौन्दर्य तथा सांस्कृतिक सम्पदाको प्रभावकारी प्रचार-प्रसार गर्नुपर्नेमा जोड दिएका थिए। साथै पर्यटकको बसाइ अवधि लम्ब्याउने, सेवा गुणस्तर सुधार गर्ने र होटल व्यवसायलाई थप व्यवस्थित तथा प्रतिस्पर्धी बनाउने विषयमा पनि छलफल भएको थियो।

# व्यास नगरस्तरीय अस्पतालमा साढे दुई करोड लगानी

पोखरापत्र संवाददाता
दमौली, ४ जेठ

तनहुँको व्यास नगरपालिका-१० दुम्सीमा निर्माण सम्पन्न भएको नगरस्तरीय अस्पतालमा साढे दुई करोडभन्दा बढी लगानी भएको छ। व्यास नगरपालिकाले निर्माण गरेको नगरस्तरीय अस्पताल भवनमा हालसम्म दुई करोड ६४ लाख ३४ हजार ६५४ रुपैयाँ लगानी भएको हो।

सदरमुकाम दमौलीमा गण्डकी प्रदेश सरकारमातहतको प्रदेश अस्पताल दमौली रहेकामा नगरपालिकाले सदरमुकामभन्दा पाँच किलोमिटर पर नगरस्तरीय अस्पताल निर्माण गरेको हो। आर्थिक वर्ष २०७७/७८ देखि यहाँ नगरस्तरीय अस्पताल निर्माणको काम सुरु भएको थियो। नगरपालिकाका योजना शाखा प्रमुख इन्जिनियर डा राजु पौडेलका अनुसार अस्पताल भवनमा ९६ लाख ३८ हजार ८७६ रुपैयाँ, पिसिआर मेसिनमा २६ लाख ५२ हजार ७०० रुपैयाँ, पिसिआर ल्याब सेटमा ५८ लाख ८७ हजार ४१७ रुपैयाँ, जेनेरेटरमा १० लाख ५७ हजार ६०० रुपैयाँ, टायलमा चार लाख ४८ हजार ५९६ रुपैयाँ, विद्युत्मा चार ५४ लाख ५४५ रुपैयाँ, ढोका फर्निसिङमा चार लाख ९१ हजार ६०८ रुपैयाँ, अस्पताल जाने बाटो निर्माणमा पाँच लाख, फर्निचरमा एक लाख २९ हजार ८६४ रुपैयाँ, पर्खाललगायत मर्मतमा १० लाख र पर्खाल निर्माणमा रु १९ लाख ५० हजार रपैयाँ खर्च भएको छ।

नगरस्तरीय अस्पतालबाट सो वडाका साथै व्यास नगरपालिका-५, ६, ७, ८, ९, ११ का विभिन्न भागका सर्वसाधारण प्रत्यक्ष लाभान्वित हुने नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रमोद सोतीले जानकारी दिनुभयो। व्यास नगरपालिका-५ चिन्तुटारका तारापति पौडेलले दमौलीभन्दा नजिक रहेको अस्पताल आफूहरूका लागि बरदान सावित भएको बताउनुभयो।

# विश्वकप क्रिकेट लिग-२ स्कटल्यान्डमाथि नेपालको जित

रासस
काठमाडौं, ४ जेठ

राजधानीमा जारी आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत सोमबार भएको खेलमा नेपालले स्कटल्यान्डमाथि छ विकेटको जित हासिल गरेको छ। कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा स्कटल्यान्डले जितको लागि दिएको १९५ रनको लक्ष्य पछ्याएको नेपालले ३८ दशमलव एक ओभरमा चार विकेट गुमाउँदै लक्ष्य पूरा गर्‍यो।

नेपालको जितमा कप्तान रोहित पौडेलले सर्वाधिक ७४ रनको योगदान दिए। उनले ९८ बलमा पाँच चौका र दुई छक्काको सहयोगमा ७४ रनको योगदान गरेका हुन्। इशान पाण्डेले ६१ बलमा पाँच चौका र दुई छक्काको सहायतामा ५५ रन बनाउँदै मैदानबाट बाहिरिए भने आसिफ शेखले २९ रन जोड्दा कुशल भुर्तेलले २८ रन जोडे। बलिङतर्फ स्कटल्यान्डका लागि मार्क वाटले दुई विकेट लिँदा ब्राण्डन म्याकमुलनले एक विकेट झारे। त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको स्कटल्यान्डले ३९ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै १९४ रनमा समेटियो। स्कटल्यान्डका लागि ब्रान्डम क्याकमुलेनले सर्वाधिक ७३ रनको योगदान दिए। उनले ४४ बलमा छ चौका र छ छक्का प्रहार गर्दै ७३ रनको योगदान गरेका हुन्। त्यसैगरी माइकल इङ्ग्लिसले चार चौका र एक छक्काको सहायतामा ५१ रन बनाए। जर्स मुन्सीले २१ रन बनाउँदा मार्क वाटले २० रन जोडे। बलिङतर्फ नेपालका ललित राजवंशीले चार विकेट लिए भने सन्दीप लामिछानेले तीन विकेट झारे। त्यस्तै दीपेन्द्रसिंह ऐरी, सोमपाल कामी र नन्दन यादवले समान एक/एक विकेट लिए। यो जितसँगै विभिन्न आठ राष्ट्र सहभागी यस प्रतियोतिगामा नेपाल २२ अङ्कका साथ अङ्क तालिकाको पाँचौं स्थानमा उक्लिएको छ। यता पराजित स्कटल्यान्ड भने ३८ अङ्कका साथ अङ्क तालिकाको शीर्ष स्थानमा यथावत छ।


## सगरमाथाको संरक्षण गरौं, प्राकृतिक सम्पदा जोगाऔं।

- नेपालमा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाको गौरवमा गर्व गरौं,
- हिमाली क्षेत्रको वातावरणीय सन्तुलन कायम राखौं,
- फोहोर व्यवस्थापनमा सचेत भई सफा हिमाल अभियानमा सहभागी बनौं,
- जलवायु परिवर्तनका असर न्यूनीकरणमा योगदान गरौं,
- पर्वतारोहणलाई सुरक्षित, मर्यादित र दिगो बनाऔं,
- जैविक विविधता र हिमाली पारिस्थितिक प्रणालीको संरक्षण गरौं,
- सगरमाथा क्षेत्रलाई विश्वकै नमूना पर्यटकीय गन्तव्य बनाऔं। हिमाल हाम्रो पहिचान र गौरवको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड


# कास्की र नवलपुर गण्डकी प्रदेश टी-२० क्रिकेटको फाइनलमा

पोखरापत्र संवाददाता
कास्की, ४ जेठ

पोखरामा जारी चौथौ संस्करणको गण्डकी प्रदेशस्तरीय टी-२० पुरुष क्रिकेट प्रतियोगिताको उपाधिका लागि कास्की र नवलपुर भिड्ने भएका छन्।

पोखरा रङ्गशालास्थित क्रिकेट मैदानमा सोमबार सम्पन्न खेलमा कास्कीले स्याङ्जालाई र नवलपुरले तनहुँलाई पराजित गरी फाइनलमा स्थान बनाएका हुन्। कास्कीले सात विकेटले स्याङ्जालाई पराजित गरेको थियो। मौसमका कारण पाँच ओभरमा खेलाइएको खेलमा कास्कीले पाँच विकेट गुमाएर ४३ रन जोडेको थियो।

कास्कीका शिवरिन श्रेष्ठले सर्वाधिक २२ रन बनाए। जवाफी ब्याटिङ गरेको स्याङ्जाले निर्धारित ओभरमा ३६ रन मात्र बनायो। यसैगरी नवलपुरले तनहुँमाथि १०२ रनको फराकिलो अन्तरले जित निकाल्न सफल भयो। नवलपुरले टस जितेर ब्याटिङ रोज्दै २० ओभरमा सात विकेट गुमाउँदै १८८ रन जोडेको थियो। 'प्लेयर अफ दी म्याच' बन्न सफल नवलपुरका रिजन काफ्लेले ४७ बलमा ७३ रन जोड्दै जितको आधार बनाएका थिए। जितका लागि १८९ रनको लक्ष्य पछ्याएको तनहुँले १४ ओभरको चौथो बलमा 'अलआउट' हुँदै जम्मा ८६ रन मात्र बनायो। गण्डकी प्रादेशिक क्रिकेट सङ्घको आयोजना तथा प्रदेश खेलकुद परिषद् गण्डकीको प्रवर्द्धनमा यही जेठ १ गतेदेखि प्रतियोगिता सुरु भएको हो।

प्रतियोगिताको 'समूह ए' मा कास्की, स्याङ्जा, बाग्लुङ र लमजुङ तथा 'समूह बि' मा नवलपुर, पर्वत, तनहुँ र म्याग्दी गरी आठ जिल्लाले सहभागिता जनाएका प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले जानकारी दिनुभयो।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

ऋण लिने दिने मान्छे नै सबैभन्दा दुःखी हुन्छ।

- थोमस फुलर

## सम्पादकीय

# सर्वोच्चमा प्रशासनका कर्मचारीको अटेरी

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसदहरूले पन संवैधानिक निकाय, राज्यका विभिन्न निकाय मात्र होइन, न्यायिक सर्वोच्चतामाथि धावा पनि बोल्न थालेका छन् । जस्तोर्वोच्च अदालतमा वरिष्ठता मिचेर प्रधानन्यायाधीश नियुक्तिका लागि सिफारस गरेको विषय विवादित छ । संवैधानिक परिषद्को त्यो निर्णयमा सार्वजनिक रूपमा आलोच्य छ । सार्वजनिक वृत्तमात्र होइन, अदालत पनि तरंगित छ । पछिल्ला दिनमा भने सर्वोच्च अदालतमा गुटगत राजनीतिलाई बढाएको छ। प्रधानन्यायाधीशका लागि सिफारिस भएका मनोज शर्माको विगत विवादित रहेको भन्दै प्रश्न मात्र उठेको छैन, उनको कार्यक्षमतामा पनि प्रश्न उठेको छ। त्यसले अदालतभित्र गुटलाई मलजल गरेको छ। न्यायाधीश मात्र होइन, कर्मचारीसमेत विभाजित भएका छन् ।

कामु प्रधानन्यायाधीश सपना प्रधान मल्ल र मनोज शर्माको पक्ष र विपक्षमा पनि मत प्रकट भइरहेका छन् । कतिसम्म कर्मचारी पनि न्यायाधीशको आकांक्षा राखेर कोल्टे फेर्न थालेका छन् । स्वतन्त्र पार्टी (रास्वपा)का सांसदहरूले पनि त्यस्तै हर्कत देखाउन थालेका छन् । संवैधानिक निकाय, राज्यका विभिन्न निकाय मात्र होइन, न्यायिक सर्वोच्चतामाथि धावा पनि बोल्न थालेका छन् । जस्तो, सर्वोच्च अदालतमा वरिष्ठता मिचेर प्रधानन्यायाधीश नियुक्तिका लागि सिफारस गरेको विषय विवादित छ । संवैधानिक परिषद् को त्यो निर्णयमा सार्वजनिक रूपमा आलोच्य छ । सार्वजनिक वृत्तमात्र होइन, अदालत पनि तरंगित छ ।

सोमबारको आदेशपछि पनि उक्त रिट दर्ता भएन । मुख्य रजिस्ट्रार विमल पौडेल, रजिस्ट्रार मानबहादुर कार्की, भद्रकाली पोखरेललगायतका केही कर्मचारी अहिले खुलेर शर्माको पक्षमा देखिएका छन् । उनीहरू न्यायाधीश हुने लाइनमा छन् । न्याय परिषद्को अध्यक्ष प्रधानन्यायाधीश हुने भएकाले भोलि शर्माको असहयोगमा न्यायाधीश हुन नसकिने भन्दै उनीहरू अहिले शर्माको पक्षमा खुलेको सर्वोच्च स्रोतको भनाइ छ । उनीहरूले निर्देशनबिना मुद्दा दर्ता गर्न सकेका छैनन् । हुन त बेञ्चले आदेश गरेपछि कर्मचारीले दर्ताका लागि रजिस्ट्रारको आदेश कुर्नु पर्दैन । तर, अहिले परिस्थिति फेरिएको छ । अदालतमा देखिएको गुटगत अवस्थाकै बेलामा रास्वपाका सांसदहरू सडक र सदनमा न्यायालयका विषयमा बोल्न थालेका छन् । रास्वपा सांसद समीक्षा बाँस्कोटाले अदालतका न्यायाधीशलाई राजनीति नगर्न सुझाव दिइन् । अदालतभित्र राजनीति भइरहेको उनको आरोप थियो । अदालतको विषय खासमा संसदमा उठाउन मिल्दैन । त्यसमा सभामुख डोलप्रसाद अर्यालको अनदेखा पनि कम रहस्यमय भने छैन ।

अहिले रास्वपा पनि अदालत आफ्नो पक्षमा पार्न चाहन्छ, जसरी २०६५ मा माओवादीले चाहेको थियो । रास्वपाको पक्षमा यतिबेला नेपाली सेनाले पनि साथ दिएको छ । संसदमा झण्डै दुईतिहाइको मत छ । अदालतलाई पनि आफ्नो पक्षमा पार्ने सरकारी प्रयासअनुसार नै शर्माको सिफारिस भएको भन्दै आलोचना बढेको हो । रास्वपाले अहिले माओवादीको उन्माद र पतनलाई सम्झन नसकेको टिप्पणी सार्वजनिक वृत्तमा भइरहेको छ । कामु प्रधानन्यायाधीश मल्लसहितको बेञ्चले आदेश गरेको थियो- प्रधानन्यायाधीश सिफारिससम्बन्धी रिट दर्ता गर्नू । दिनेश त्रिपाठीसहितका वकिलले उक्त रिट दर्ताको प्रयास गरेका थिए । तर, केही दिनदेखि कर्मचारीहरूले उक्त रिट दर्ता गर्न मानेका थिएनन् ।

विगतमा पनि अनेकन विवादका 'ब्यागेज'सहित प्रधानन्यायाधीश हुने भएका कारणले पनि शर्मामाथि प्रश्न भने अनेक छन् । तत्कालीन पुनरावेदन अदालतको अतिरिक्त न्यायाधीश हुँदा एमाले मुख्यालयमा गएको विवाद अझै सेलाएको छैन । अनि, चोलेन्द्र शमशेर राणाले उनलाई सर्वोच्चमा तानेको विषय पनि कम विवादित छैन । त्यही कारण पनि एमालेनिट वकिलहरू शर्माको बचाउमा देखिन्छन् । शर्माको सिफारिसलाई सर्वोच्चमा कल्याण श्रेष्ठ र चोलेन्द्र शमशेर राणाबीचको लडाइँको प्रतिफलको रूपमा पनि व्याख्या हुन्छ । अहिले राणा हावी भएको अर्थमा विश्लेषण भइरहेको छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बढ्ने |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# कोरलानाकामा थप 'बिटिएस' सञ्चार उपकरण

पोखरापत्र संवाददाता

मुस्ताङ, ४ जेठ

यहाँको नेपाल-चीन उत्तरी कोरलानाका दशगजा क्षेत्रमा माइक्रोवेब बिटिएस टावरका लागि थप उपकरण जडान गरिएको छ । लोमान्थाङ गाउँपालिकाको समन्वयमा नेपाल टेलिकम प्रादेशिक निर्देशनालय पोखरा र नेपाल टेलिकम जोमसोम कार्यालयको टोलीद्वारा शनिबार कोरलानाकामा थप सञ्चार उपकरण जडान गरिएको जनाएको छ।

कोरलानाकामा तीन वर्षअघि नेपाल टेलिकम जोमसोमले सञ्चारको पहुँच स्थापित गर्न माइक्रोवेब रेडियो लिङ्कको बिटिएस टावर जडान गरेको थियो । कोरलानाकामा त्रिपाल टाँगेर व्यापार गरी बस्ने व्यवसायी र अवलोकनका लागि जाने पर्यटकको सहजताका लागि सञ्चारको पहुँच स्थापित गरिएको थियो । कोरलानाकामा सञ्चारको पहुँच स्थापना गरिएको भए पनि माइक्रोवेब रेडियो लिङ्कका लागि उपकरण क्षमता कम हुँदा सञ्चार सुविधा भरपर्दो बन्न सकेको थिएन । नेपाल विद्युत प्राधिकरणले विद्युत् पोल विस्तार गरिसकेको भए पनि प्रसारण लाइन सञ्चालनमा आएको छैन । नाकामा विद्युतीय सेवा नहुँदाको विकल्पमा सौर्य ऊर्जाको सहायताबाट टावर सञ्चालन गरिएको थियो । जोमसोमस्थित टेलिकम कार्यालयका प्रमुख हुमबहादुर भुजेलका अनुसार कोरलानाकामा देखिएको टेलिफोन र इन्टरनेट समस्या समाधान गर्न सौर्य ऊर्जाको बिटिएस टावर क्षमता वृद्धि गर्न ब्याट्री र सोलार प्यानलको क्षमता दोब्बर पारिएको छ । कोरलानाकामा खटिएका प्राविधिकसहितको टोलीले यहाँ रहेको माइक्रोवेब रेडियो लिङ्कको बिटिएस टावरलाई सहज रूपमा सञ्चालन गर्न तथा टुजी र फोरजी बिटिएस टावरको ब्याट्री ब्याकअफ र सोलार प्यानलको सङ्ख्या बढाइएको प्रमुख भुजेलको भनाइ छ । उहाँका अनुसार बिटिएस टावरका लागि २० वटा सोलार प्यानल र १५० एम्पियरको तीनवटा ब्याट्री ब्याकअफ थप गरिएको हो । लोमान्थाङ गाउँपालिका अध्यक्ष टसीनर्बु गुरुङले बिटिएस टावरको क्षमता बढाइपछि २४सै घण्टा मोबाइल नेटवर्क र इन्टरनेटको सुविधा राम्रो भएको बताउनुभयो । कोरलानाका टुजी र फोरजीसहितको मोबाइल नेटवर्कमा सुधार गरिएसँगै व्यापारी तथा पर्यटकलाई सहज भएको छ ।

# विषादीको विकल्पमा 'जैविक झोल'



पोखरापत्र संवाददाता

म्याग्दी, ४ जेठ

म्याग्दी, मुस्ताङ, बागलुङ र पर्वत कार्यक्षेत्र रहेको राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना जोमसोममार्फत फलफूलबालीको रोगकिरा नियन्त्रणमा विषादीको विकल्पमा 'जैविक झोल' प्रयोग गर्न थालिएको छ।

स्थानीय जडीबुटी र घाँसको मिश्रणबाट तयार पारिएको जैविक झोललाई परियोजनाले 'इपिफाइटिक ल्याक्टिक एसिड ब्याक्टेरिया' नामकरण गरेको छ । परियोजनाका प्रमुख भरतराज गौतमले कार्यालयको स्याउ बगैंचामा गत वर्ष परीक्षण गरिएको जैविक झोल यसपालिदेखि मुस्ताङका किसानको स्याउ बगैंचामा प्रयोग गर्न थालिएको जानकारी दिनुभयो । "गत वर्ष कार्यालयको बगैंचामा प्रयोग गरिएको जैविक झोलले स्याउमा ढुसी र 'ब्याक्टेरिया'जन्य रोग नियन्त्रणमा सफल भएपछि यसपालि किसानका बगैंचामै प्रयोग भएको छ", उहाँले भन्नुभयो, "स्वस्थकर, वातावरणमैत्री, विषादी किन्दा हुने खर्चको बचत, स्थानीयस्तरमै तयार पार्न सकिने भएकाले जैविक झोल प्रयोगमा किसानहरूलाई प्रोत्साहन गरेका छौं ।" उहाँका अनुसार ५० प्रतिशत तितेपातीमा बाँकी कोते, झिम्सी र राईघाँसलाई मिसाइ ओखलमा कुटेपछि निचोरेर बनाएको झोललाई तीन दिनसम्म ३० डिग्री सेल्सियस तापक्रममा राखेपछि अमिलिन्छ । एक केजी घाँसबाट तीन लिटरसम्म झोल निकाल्न सकिन्छ । एक बोतल झोललाई ४० लिटर सफा पानीमा मिसाएर बिरुवामा छर्कन सकिन्छ । यसरी उत्पादन भएको जैविक झोलमा बोटबिरुवाका लागि आवश्यक पर्ने मित्र जीव सक्रिय हुने र दुस्मन जीव भाग्ने अथवा नष्ट हुने क्षमता रहेको परियोजनाका प्रमुख गौतमले बताउनुभयो । गौतमले दुई वर्षअघि जापानमा अध्ययनको सिलसिलामा सिकेको जैविक झोल बनाउने सीप र प्रविधिलाई पोखराको कास्कीकोटस्थित कुखुरा फार्ममा पनि प्रयोगमा ल्याउनुभएको थियो । मुस्ताङमा परीक्षण सफल भएको जैविक झोललाई परियोजना लागू भएको म्याग्दी, पर्वत र बागलुङका सुन्तला बगैंचामा पनि प्रयोगका लागि किसानहरूलाई तालिममार्फत सीप सिकाउने परियोजनाका प्राविधिक गणेश जिसीले बताउनुभयो । "ज

ैविक झोलको प्रयोग गरी मुस्ताङको स्याउका साथै म्याग्दी, पर्वत र बागलुङको सुन्तलाको गुणस्तर सुधार गर्न सकिन्छ", उहाँले भन्नुभयो, "महँगो रकम खर्चेर किनेको रासायनिक विषादीलाई छर्कदा स्वास्थ्यलाई पर्ने जोखिम हटाउन मात्र नभएर किसानको खर्चको पनि बचत र वातावरणमैत्री हुन्छ।" मुस्ताङमा रासायनिक विषादी आयात प्रतिस्थापन गरेर स्याउलाई पूर्ण जैविक बनाउने परियोजनाको लक्ष्य छ । गत वर्ष ७५ जनालाई र यसपालि ८५ जना स्याउखेती गरेका किसानहरूलाई जैविक झोल बनाउने तालिम दिइएको छ । कृषि विकास कार्यालयमार्फत पनि थप किसानहरूलाई सीप सिकाइएको छ। परियोजनामार्फत मुस्ताङमा स्याउ, च्याङ्ग्रा र आलु, म्याग्दीमा सुन्तला, आलु, बङ्गुर, पर्वत र बागलुङमा सुन्तलाको व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) सञ्चालन भएको छ । परियोजनामार्फत खेती विस्तार, गुणस्तर सुधार, उत्पादन वृद्धि र बजारीकरणमा सघाउने गरिएको छ।

**गण्डकी प्रदेश सरकार**

**ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय**

**खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय**

**स्याङ्जा, नेपाल**

कार्यालय कोड नं. ३४००४४३०१४

# विद्युत महशुलमा अनुदान सम्बन्धि सूचना

सूचना प्रकाशित मितिः २०८३/०२/०५

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय स्याङ्गजाको आ.ब. २०८२/८३ को बार्षिक स्विकृत कार्यक्रम अनुसार विद्युत महशुलमा अनुदान कार्यक्रम प्रारम्भ भएकोले स्याङ्गजा र कास्की जिल्ला भित्रका भुमिगत वा लिफ्टिङ्ग प्रविधिबाट संचालित खानेपानी आयोजनाहरुका उपभोक्ता संस्थाहरुले चालु आ.ब.का लागि "**लिफ्टिङ आयोजनामा विद्युत महशुल अनुदान सम्बन्धि मापदण्ड २०८२**" बमोजिम कार्यक्रममा सहभागी हुन सूचना आब्हान गरिएकोले तपसिल बमोजिमका कागजातहरु संलग्न गरि निवेदन पेश गर्नुहुन सूचित गरिन्छ।

**तपसिलः**

१) अनुदानग्राही उपभोक्ता संस्थाको नाम र ठेगाना खुल्ने नविकरण सहितको दर्ता प्रमाण पत्र

२) लाभान्वित हुने घरधुरी र प्रति युनिट महशुल दर

३) विद्युत महशुल तिरेको बिल भर्पाई

४) संस्थाको नाममा रहेको बैंक खाता विवरण

५) मर्मत सम्भार कोष स्थापना भएको प्रमाण कागजात

६) संघ तथा स्थानीय सरकारबाट अनुदान नलिएको स्वघोषणा

७) अनुदान माग गर्ने उपभोक्ता समितिको निर्णय

**नोटः** तोकिए अनुसारको आवेदन फाराम मिति २०८३ असार ०४ गतेभित्र पेश गरि सक्नुपर्नेछ, थप जानकारीको लागि यस कार्यालयमा वा ईकाइ कार्यालय कास्कीमा सम्पर्क राख्नु हुन अनुरोध छ।

फोन न. ०६३-४२३११०(स्याङ्गजा कार्यालय)

ईमेलः wss.syangja@gmail.com

वेभसाईटः wssdosyangja.gandaki.gov.np

**डिभिजन प्रमुख**

# धितोमा रहेको घरजग्गा बिक्री बारेको १५ दिने सूचना

प्रकाशित मिति २०८३/०२/०५ गते (पोखरापत्र राष्ट्रिय दैनिक)

यस कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि. बाट तपसिलमा उल्लेखित सदस्यले अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनुभएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा ब्याज एवम् अन्य दै-दस्तुर रकम समयभित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको शर्त सम्झौता उल्लङ्घन गर्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरि जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरि नतिरी बसेकाले यस संस्थाको ऋण असुली नीति २०८० को अधिकार प्रयोग गरी आजको मितिले १५ दिनभित्र धितो लिलाम बिक्रीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | ऋणीको फोटो | ऋणी सदस्यको विवरण | धितोको विवरण |
|---|---|---|---|
| १. |  | **नाम थर : सन्त कुमारी बि.क**<br>ना.प्र.प.नं : १२५९५६-कास्की<br>ठेगना : पोखरा लेखनाथ-१३ कास्की<br>पतिको नाम : हर्क बहादुर बि.क<br>ससुराको नाम : लाल बहादुर कामी | **सन्त कुमारी बि.क** को मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको साबिक कास्की जिल्ला आर्वा बिजय-१ हाल पोखरा-१३, को कित्ता नं ३७०२ को क्षेत्रफल ०-४-०-३ वर्गमिटर १३३.१३ को जग्गा |

**धितो लिलाम बिक्रीको शर्त तथा बन्देजहरुः**

१) बोलपत्र फाराम यस सहकारी संस्था लि.को मिति २०८३।२।१९ गतेभित्र कार्यालय समयमा रु १,००० (एक हजार रुपैयाँ मात्र) भुक्तान गरी प्राप्त गर्न सकिने छ।

२) डाँक बढाबढ सूचनामा तोकिए बमोजिमको मिति समय र स्थानमा स्वयं उपस्थित हुनु पर्नेछ। म्याद नाघी वा रित नपुगी आएको बोलपत्र कुनै कारबाही हुने छैन।

३) डाँक बढाबढ बुझाउने अन्तिम दिन बिदाको दिन परेमा सो दिनको भोलिपल्ट कार्यालय खोलेको दिन दिउँसो ठिक ४ बजे सम्ममा डाँक बढाबढ बोलपत्र खोल्न सकिने छ।

४) डाँक बढाबढ बोलपत्र आफुले सकार गरिलिन चाहेको रकम अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्ने छ।

५) डाँक बढाबढ बोलपत्र आफुले कबुल गरेको रकमको १० प्रतिशत रकम संस्थाको नाममा खिचिएको ड्राफ्ट/चेक/नगद जम्मा भौचर समेत डाँक बढाबढ बोलपत्र साथ समाबेश गरी पेश गर्नुपर्नेछ।

६) बढी रकम बोल गर्नेको स्वीकृत भएमा नियम अनुसार बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ती आफ्नो नाममा नामसारी गर्ने प्रक्रिया अगाडि बढाउनु पर्ने छ। उक्त बाँकी रकम तोकिएको समयम नबुझाएमा धरौटी बापत बुझाएको १० प्रतिशत रकम स्वत जफत हुने छ।

७) कुनैपनि अवस्थामा लिलाम प्रक्रिया रद्ध गर्ने, स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित हुने छ।

८) इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ती जँहा जे जस्तो अबस्थामा छ सोहि अबस्थामा खरिद गर्नुपर्ने छ।

९) सहकारी ऐन २०७४ को परिच्छेद १४ को दफा ७९ को उपपदफा ६ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा संस्थालाई चित्तबुझ्दो नभएमा प्रचलित सहकारी ऐन अनुसार संस्थाले उक्त सम्पत्ती सकार गरी स्वामित्व आफूमा लिन/अधिनमा राख्न सक्ने छ।

१०) उक्त लिलाममा राखेको सम्पत्तीको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन, दस्तुर, सम्पत्ति कर, स्थानीय कर र धारा/बिजुली शुल्क सम्पूर्ण बक्यौता समेत सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति आफैले तिर्नुपर्ने छ।

११) उक्त सम्पत्ति लिई सकेपछि सो को सम्पूर्ण जवाफ स्वयं खरिदकर्ताको हुने छ।

१२) लिलाम बढाबढ बोलकबोल रकम वा धरौटी बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन। लिलाम सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता पाइने छैन।

**कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

पोखरा-१३, बाँझापाटन

फोन नं.: ०६१-५८३८८१, ५९०६७३

# किसानको घरदैलोमै पुगेर पशुपन्छीको औषधोपचार

पोखरापत्र संवाददाता
बेनी, ४ जेठ

यहाँको बेनी नगरपालिका-३ भकिम्लीमा पशुपालन गर्ने किसानका घरदैलोमा पुगेर पशुपन्छीको उपचार गरिएको छ। सदरमुकाम बेनीबाट भौगोलिक रूपमा टाढाको दूरीमा पर्ने भकिम्लीमा निःशुल्क पशुस्वास्थ्य तथा बाँझोपन निवारण शिविर सञ्चालन गरेर नगरपालिकाले घरदैलोमै पशुपन्छीको उपचार गरेको हो।

आइतबार आयोजित शिविरमा ७७ जना किसानका करिब तीन हजार ५०० पशुपन्छीका लागि औषधि वितरण गरिएको नगरपालिकाका सहायक पशु चिकित्सक प्रदीप गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार शिविरमा गाईभैंसी, बाख्रा, कुखुरालगायतका लागि औषधि वितरणका साथै घरदैलो गरी पशुपन्छीको स्वास्थ्य जाँच तथा उपचारसमेत गरिएको छ।

शिविरमा नगरपालिकाका पशु चिकित्सक डा सुदीप पौडेल, सहायक पशु चिकित्सक गौतम, प्राविधिक सूर्यलाल नेपाली, हरिकृष्ण पौडेल, महित मल्लिकसहित प्रशिक्षार्थी प्राविधिक करुणा पुन र भूमिका पुनले पशुपन्छीको उपचार तथा किसानलाई औषधि वितरण गर्नुभएको थियो । ग्रामीण भेगमा पशुपालन गर्ने किसानलाई घरदैलोमा औषधोपचार सेवा दिन शिविर सञ्चालन गरी सेवा प्रदान गरिएको नगरपालिकाका पशु चिकित्सक पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार शिविरमा किसानलाई पशुपालनका सम्बन्धमा प्राविधिक परामर्श पनि प्रदान गरिएको छ। शिविरमा आन्तरिक तथा बाह्य परजिवी नियन्त्रण तथा बाँझोपन निवारणको औषधि वितरण गर्नुका साथै पाचक, क्याल्सियम, मिनरललगायत औषधि वितरण गरिएको थियो । शिविरका क्रममा भकिम्लीका विभिन्न टोलबस्तीमा पशु प्राविधिकको टोलीद्वारा घरदैलो गरी पशुको स्वास्थ्योपचार, गर्भ परीक्षण, गाइभैंसीको पेटमा किल्लाकाँटीको परीक्षणका साथै गाईभैंसी र बाख्रामा जुम्रा, किर्ना, उपियाँ, लुतोलगायत समस्याको समेत औषधोपचार गरिएको थियो । भकिम्लीमा व्यावसायिक रूपमा बाख्रा, कुखुरा, गाइभैंसीपालन हुँदै आएको छ । नयाँ किसान प्राविधिक ज्ञान नहुँदा पशुपन्छीको स्वास्थ्योपचारमा अनविज्ञ भएको अवस्थामा शिविरबाट पशुपन्छीको उपचारसँगै प्राविधिक परामर्श सेवाबाट लाभान्वित बनेको वडाध्यक्ष पदमबहादुर पुनले बताउनुभयो। बेनी नगरपालिकाले पशु सेवा शाखामार्फत वडा तहमा पशु स्वास्थ्य शिविर सञ्चालन गरेर पशुपालक किसानको समस्यामा सहजीकरण गर्दै आएको छ। नगरपालिकाले किसानलाई उत्पादनमा आधारित नगद अनुदानसमेत वितरण गर्दै आएको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३३, झैरी खेत सडक निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः झैरी खेत सडक
ठेगानाः पोखरा-३३, माछापुच्छ्रे टोल
योजना सम्झौता मिति : २०८२/०९/१६ गते
योजना सुरु मितिः २०८२/०९/२० गते
योजना सम्पन्न हुने मितिः २०८२/१२/२९ गते
योजना सम्पन्न भएको मितिः २०८२/१२/२५ गते
योजनाको कुल लागतः रु. ११११३२५.७४
महानगरपालिकाबाटः रु. १०,००,०००।-
जनसहभागिताबाटः रु. १११३२५.७४
उपभोक्ता समिति अध्यक्षः दिन बहादुर कार्की
सम्पर्क नं.: ९८४६१६३५३३
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**झैरी खेत सडक निर्माण उपभोक्ता समिति**
**पोखरा-३३**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. २१ गैराबारी डाँडा स्वारा मालागिरी सडक स्तरोन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।**
**योजनाको नाम : गैराबारी डाँडा स्वारा मालागिरी सडक स्तरोन्नती**
**उपभोक्ता समितिको नाम : गैराबारी डाँडा स्वारा मालागिरी सडक स्तरोन्नती उपभोक्ता समिति, पोखरा-२१, कास्की**
**उपभोक्ता समितिको अध्यक्षको नामः पुष्पराज पौडेल**
**सम्पर्क नं : ९८१९११९७७५**
**जम्मा सदस्य संख्या : ७**
**महिला सदस्य संख्या : ३**
**योजना सम्झौता मिति : २०८२/१०/२७**
**योजना सुरु मिति : २०८२/१०/२८**
**योजना सम्पन्न हुने मिति : २०८२/११/३०**
**सम्पन्न भएको मितिः २०८३/१/१०**
**महानगरपालिकाबाट : रु. १५,००,०००/-**
**जनसहभागिता : रु. १,६७,२५५/९६**
**योजनाको कुल लागत : रु. १६,६७,२५५/९६**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखापरीक्षण

पोखरा महानगरपालिका वडा नं. २३, मा सरी खुरु पैंचे हर्पनडाँडा बाटो निर्माण कार्य सम्पन्न गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

| | |
|---|---|
| योजनाको नाम | : सरी खुरू पैंचे हर्पनडाँडा बाटो निर्माण |
| सदस्य संख्या | : ११ जना (३ जना महिला) |
| उ.स. नाम | : सरी खुरू पैंचे हर्पनडाँडा बाटो निर्माण उपभोक्ता समिति |
| उ.स. अध्यक्ष | : भक्त बहादुर गुरूङ (९८५६०३०८३४) |
| योजना सम्झौता मिति | : २०८२/११/०९ |
| योजना सुरु हुने मिति | : २०८२/११/१० |
| योजना सम्पन्न हुने मिति | : २०८३/०१/३१ |
| पोखरा म.न.पा.बाट प्राप्त | : रू. २५,००,०००/- |
| जन सहभागिता | : रू. २,७७,७७७/७८ |
| जम्मा लागत खर्च | : रू. २७,७७,७७७/७८ |

**सरी खुरू पैंचे हर्पनडाँडा बाटो निर्माण उपभोक्ता समिति**
पोखरा-२३, कास्की

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३३, कुसुण्डे अधुरो सडक स्तरोन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः कुसुण्डे अधुरो सडक स्तरोन्नति
ठेगानाः पोखरा-३३, कुसुण्डे
योजना सम्झौता मिति : २०८२/०९/१३ गते
योजना सुरु मितिः २०८२/०९/२८ गते
योजना सम्पन्न हुने मितिः २०८२/१२/१५ गते
योजना सम्पन्न भएको मितिः २०८३/१/१५ गते
योजनाको कुल लागतः रु. ११११३२४.३९
महानगरपालिकाबाटः रु. १०,००,०००।-
जनसहभागिताबाटः रु. १११३२४.३९
उपभोक्ता समिति अध्यक्षः रामजी प्रसाद अधिकारी
सम्पर्क नं.: ९८४६०५७५०६
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**कुसुण्डे अधुरो सडक स्तरोन्नति**
**उपभोक्ता समिति पोखरा-३३ कुसुण्डे**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. २१ चिलाउनेखर्क माझगाउँ कृषि सडक स्तरोन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।**
**योजनाको नाम : चिलाउने खर्क माझगाउँ कृषि सडक स्तरोन्नती**
**उपभोक्ता समितिको नाम : चिलाउनेखर्क माझगाउँ कृषि सडक उपभोक्ता समिति, पोखरा-२१, कास्की**
**उपभोक्ता समितिको अध्यक्षको नामः मुक्त बहादुर आले मगर**
**सम्पर्क नं : ९८२९११५४२४**
**जम्मा सदस्य संख्या : ९**
**महिला सदस्य संख्या : ३**
**योजना सम्झौता मिति : २०८२/११/११**
**योजना सुरु मिति : २०८२/११/१२**
**योजना सम्पन्न हुने मिति : २०८३/०१/३०**
**सम्पन्न भएको मितिः २०८३/१/१८**
**महानगरपालिकाबाट : रु. १३,००,०००/-**
**जनसहभागिता : रु. १,४६,९३९/८२**
**योजनाको कुल लागत : रु. १४,४६,९३९/८२**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. २१ बक्रेक कात्तिके सडक स्तरोन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।**
**योजनाको नाम : बक्रेक कात्तिके सडक स्तरोन्नती**
**उपभोक्ता समितिको नाम : बक्रेक कात्तिके सडक स्तरोन्नती उपभोक्ता समिति, पोखरा-२१, कास्की**
**उपभोक्ता समितिको अध्यक्षको नामः लक्ष्मी कुमारी खत्री थापा**
**सम्पर्क नं : ९८४६६१८५८०**
**जम्मा सदस्य संख्या : ७**
**महिला सदस्य संख्या : ३**
**योजना सम्झौता मिति : २०८२/१०/१८**
**योजना सुरु मिति : २०८२/१०/२१**
**योजना सम्पन्न हुने मिति : २०८२/११/०५**
**सम्पन्न भएको मितिः २०८३/१/३०**
**महानगरपालिकाबाट : रु. ५,००,०००/-**
**जनसहभागिता : रु. ५५,५९१/०५**
**योजनाको कुल लागत : रु. ५,५५,५९१/०५**

## कर्जा भुक्तानी गर्न आउने बारेको १५ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/१२/२४ गते (पोखरापत्र राष्ट्रिय दैनिक**
**दोस्रो पटक प्रकाशित मिति २०८३/०२/०५ गते (पोखरापत्र राष्ट्रिय दैनिक**

तपसीलमा उल्लेखित तपाईं ऋणी सदस्यले यस सहकारी संस्थाबाट विभिन्न कर्जा शीर्षक अर्न्तगत लिनुभएको ऋण कर्जाको समय समयमा बुझाउनुपर्ने साँवा व्याज रकम नबुझाई यस संस्थासँग गरेको सम्झौता बमोजिमका शर्त बन्देजहरु उल्लङ्घन गर्नुभएकाले संस्थाले कर्जा भुक्तानी गर्नका लागि ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदिनुभएकोले तपाईंहरु तपसीलमा उल्लेखित ऋणी, धितो जमानीकर्ता एवम् व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारे यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस संस्थामा सम्पर्क राखी आँफूले तिर्न बुझाउन बाँकी रहेको साँवा व्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला। साथै धितो जमानी तथा व्यक्तिगत धनजमानी दिनेले समेत सम्पूर्ण साँवा ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता गर्न लगाउनु हुन यसै सूचनाबाट सूचित गरिन्छ। अन्यथा धितो सुरक्षण बापत तपाईंले यस संस्थालाई लेखिदिएको धितो (सम्पत्ति) घर जग्गा जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गण्डकी प्रदेश सहकारी ऐन, २०७५ र गण्डकी प्रदेश सहकारी नियमावली, २०७६ एवम् प्रचलित सहकारी मापदण्ड नीति नियम तथा कानुनको प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी संस्थाले असुल उपर गरी लिने व्यहोरा यसै सूचनाबाट सुचित गरिन्छ। कथमकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा ठहरिएमा वा कुनै कारणले लिलाम बिक्री हुन नसकेमा ऋणी तथा धनजमानीकर्ताको नाममा रहेको अन्य जायजेथा तथा घरघरानाबाट समेत असुल उपर गरि लिइने छ।

| ऋणीको नाम थर ठेगाना | जमानी बस्नेको नाम,थर ठेगाना | धितो सुरक्षण विवरण |
|---|---|---|
| १. **नाम : सत्रुजित श्रेष्ठ**<br>बाबुको नाम : गोविन्द कुमार श्रेष्ठ<br>बाजेको नाम : राज कुमार श्रेष्ठ<br>ठेगाना : पोखरा म.न.पा.-६<br>ना.प्र.नं. : १०९१८०<br>जारी मिति : २०५७-११-१९<br>जारी जिल्लाः कास्की | १) **नाम : कामना श्रेष्ठ**<br>पति : प्राणनाथ कायस्थ<br>ससुरा : भोलानाथ कायस्थ<br>ठेगाना : पोखरा म.न.पा.-८<br>ना.प्र.नं. : ४६१००१/१०८२७<br>जारी मितिः २०६६-१२-०२<br>जारी जिल्लाः कास्की<br>२) **नाम : प्राणनाथ कायस्थ**<br>बाबु : भोलानाथ कायस्थ<br>बाजे : बद्रीनाथ कयस्थ<br>ठेगाना : पोखरा म.न.पा.-८<br>ना.प्र.नं. : ९/१५९०<br>जारी मिति : २०५१-०८-२७<br>जारी जिल्लाः बारा | **गोविन्द कुमार श्रेष्ठ**को नाममा मालपोत कार्यालय कास्कीमा जग्गाधनी लालपूर्जा कायम रहेको पो.म.न.पा.-०६, स्थित नक्सा सिट नं. ०९३० ९५८०३ कि.न. २६० कुल क्षेत्रफल २६१.४० व.मी. को जग्गा। |
| २. **नाम : रनु कुमारी श्रेष्ठ**<br>पतिको नाम : सत्रुजित श्रेष्ठ<br>ससुराको नाम : गोविन्द कुमार श्रेष्ठ<br>ठेगाना : पोखरा म.न.पा.-६<br>ना.प्र.नं. : ४६३००३/७२६<br>जारी मिति : २०६३/१०/१९<br>जारी जिल्लाः कास्की | | |
| ३. **नाम : तिल कुमारी वि.क.**<br>पतिको नाम : आस बहादुर वि.क.<br>ससुराको नाम : दुर्गे वि.क.<br>ठेगाना : पोखरा म.न.पा.-१६<br>ना.प्र.नं. : १७३१५३<br>जारी मिति : २०६३-०७-०९<br>जारी जिल्लाः कास्की | १) **नाम : आस बहादुर वि.क.**<br>बाबु : दुर्गे वि.क.<br>बाजे : च्याप्टे कामी<br>ठेगाना : पोखरा म.न.पा.-१६<br>ना.प्र.नं. : ३२४१२<br>जारी मितिः २०५२-०२-११<br>जारी जिल्लाः कास्की<br>२) **नाम : राम वि.क.**<br>बाबु : आस बहादुर वि.क.<br>बाजे : दुर्गे वि.क.<br>ठेगाना : पोखरा म.न.पा.-१६<br>ना.प्र.नं.: ४६-०१-७७-०६५२१<br>जारी मिति : २०७७-१२-१९<br>जारी जिल्लाः कास्की | **तिल कुमारी बि.क.** को नाममा मालपोत कार्यालय कास्कीमा जग्गाधनी लालपूर्जा कायम रहेको साविक गर्लाङ छहरेपानी वडा नं. २ स्थित नक्सा सिट नं. ०९३०६८० कि.न. १८१७ कुल क्षेत्रफल ०-७-१-० (रोपनी)/२३०.४८ व.मी. को जग्गा एवं सो मा बनेको घर समेत र साविक बाटुलेचौर वडा नं. ७ स्थित नक्सा सिट नं. ०९३०७१९ कि.नं. ११६५ कुल क्षेत्रफल ०-३-२-३ (रोपनी)/११७.२४ व.मि. को जग्गा र सो मा बनेको घर समेत। |
| ४. **नाम : मंगल बहादुर कामी**<br>बाबुको नाम : बैशलाल कामी<br>बाजेको नाम : हर्क बहादुर कामी<br>स्थाई ठेगाना : घान्द्रुक वडा नं. २<br>हालको ठेगाना : पोखरा २९<br>ना.प्र.नं. : ७८८२२<br>जारी मिति : २०५५-०९-२५<br>जारी जिल्लाः कास्की | १) **नाम : शान्ती सुनार**<br>पति : मंगल बहादुर कामी<br>ससुरा : बैशलाल कामी<br>ठेगाना : लेखनाथ १<br>ना.प्र.नं. : ४६१००२/२५७०<br>जारी मितिः २०६५-१२-२५<br>जारी जिल्लाः कास्की | **मंगल बहादुर कामी**को नाममा मालपोत कार्यालय कास्कीमा जग्गाधनी लालपूर्जा कायम रहेको साविक शिशुवा वडा नं. १ स्थित नक्सा सिट नं. ० ९४११२५०४ कि.नं. ९०४० कुल क्षेत्रफल ०-४-०-१ (रोपनी)/१२९.१७ व.मी. को जग्गा र सो मा बनेको घर टहरा समेत। |
| ५. **नाम : राजेश गौतम**<br>बाबुको नाम : हरि प्रसाद गौतम<br>बाजेको नाम : खिम लाल गौतम<br>ठेगाना : पोखरा १५<br>ना.प्र.नं. : ४१०६४<br>जारी मिति : २०५२-११-२०<br>जारी जिल्लाः कास्की | १) **नाम : सुस्मा गौतम**<br>पति : राजेश गौतम<br>ससुरा : हरि प्रसाद गौतम<br>ठेगाना : पोखरा १५, कास्की | **राजेश गौतम**को नाममा मालपोत कार्यालय कास्कीमा जग्गाधनी लालपूर्जा कायम रहेको साविक ठुलास्वांरा वडा नं. १ स्थित नक्सा सिट नं. ०९४०८८८० कि.नं. ३५५ कुल क्षेत्रफल ०-५-२-३ (रोपनी) /१८०.८४ व.मी. को जग्गा र कि.नं. ३५८ कुल क्षेत्रफल २-८-०-१ (रोपनी)/१२७३.८४ व.मि. को जग्गा। |
| ६. **नाम : यनमती गुरुङ**<br>पतिको नाम : रन बहादुर गुरुङ<br>ससुराको नाम : नर बहादुर गुरुङ<br>ठेगाना : पिडिखोला वडा नं. १<br>ना.प्र.नं. : २१४३<br>जारी मिति : २०४४-१२-११<br>जारी जिल्लाः स्याङ्जा | १) **नाम : देवी माया गुरुङ**<br>बाबु : रन बहादुर गुरुङ<br>बाजे : नर बहादुर गुरुङ<br>ठेगाना : पिडिखोला वडा नं. १<br>ना.प्र.नं. : ४२३०४५<br>जारी मितिः २०६३-१०-२३<br>जारी जिल्लाः स्याङ्जा | **यनमती गुरुङ**को नाममा मालपोत कार्यालय कास्कीमा जग्गाधनी लालपूर्जा कायम रहेको साविक निर्मलपोखरी वडा नं. ६ स्थित नक्सा सिट नं. ०९४११२३ कि.न. १९०४ कुल क्षेत्रफल ०-१०-१-१ (रोपनी)/३२७.८४ व.मी. को जग्गा। |

**नोटः** यस संस्थाबाट ऋण लिई ऋणको साँवा ब्याज नियमित नबुझाउने अन्य ऋणीहरुलाई समेत यसै सूचनालाई आधार मानि भाखा नाघेको साँवा, ब्याज बुझाई कर्जा नियमित गर्नु गराउनु हुन यसै सूचनाद्धारा जानकारी गराईन्छ। अन्यथा यसै बमोजिम ऋणी धितो जमानी दिनेको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रपत्रिकामा सूचना प्रकाशित गरी संस्थाले असूल उपर प्रक्रिया अगाडि बढाउने व्यहोरा अवगत गराईन्छ।

**विस्तृत जानकारीको लागि**
**कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा ८, सभागृहचोक**
**फोन नं. : ०६१-५८०७९६, ५४४७९५**